महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## डिभिजन वन कार्यालय, सोलुखुम्बु

## ३०७०२०९०११

## सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-६-२२

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
डिभिजन वन कार्यालय, सोलुखुम्बु ,
सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष ०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।६। २१ मा छलफल पश्चात् तयार गरिएको पाना १७ (सत्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा कोशी प्रदेश आर्थिक कार्यविधि ऐनको दफा ३३ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत । कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

सन्तोष सापकोटा
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री उद्योग,श्रम तथा रोजगार मन्त्रालय,
विराटनगर, info.moile@p1.gov.np
श्री प्रदेश लेखा ईकाई कार्यालय सोलुखुम्बु,
solukhumbu.dtco@fcgo.gov.np

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :-** वन, वनस्पति, जलाधार, जैविक विविधता संरक्षण तथा संरक्षित क्षेत्रहरुको वैज्ञानिक व्यवस्थापन द्धारा सन्तुलित वातावरण कायम राख्ने, वन पैदावरको आपूर्तिमा दिगो वृद्धिगरी विपन्न तथा निमुखा समुदायको पहुँच र अधिकारलाई सुनिश्चित गर्दै सामाजिक एवं आर्थिक सशक्तिकरण गर्ने, वन्यजन्तु उत्पादनमा आधारित उद्योग एवं व्यवसाय प्रवर्द्धनलाई बढावा दिई रोजगारीको श्रृजना गर्ने, विपन्न वर्गका दलित, आदिवासी, जनजाती, मधेसी, उत्पीडित, अपांग तथा अन्य पछाडी परेका महिला तथा पुरुषको आय वृद्धि गर्न वन पैदावरको न्यायोचित वितरण प्रणालीवाट गरिवी न्यूनिकरण गरी समानता मूलक विकासमा सघाउ पर्‍याउने उद्देश्यले डिभिजन वन कार्यालय स्थापना भएको हो।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२९ देखि २०८०।६।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ३१२९७१७.४६, धरौटीतर्फ रु. ७५५५५०.५४, अन्य कारोबारतर्फ रु. ९६२०८.०१, आय – व्ययतर्फ रु. ०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ३९८१४७६.०१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७४६७० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कर्मचारीको पारीश्रमिकमा नियमानुसार कट्टी गर्नुपर्ने करकट्टी नभएकोमा लेखापरीक्षणमा औल्याएपछी मस्यौदापश्चात दाखिला गरी पेश । | ७४६७० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **विकाश शुल्क**

बन नियमावली २०७९ को नियम १०४ मा वातावरणीय सेवा सम्बन्धी व्यवस्थामा वातावरणीय सेवा शुल्क भुक्तानी, नियम १०४(८) मा कार्ययोजना तर्जूमा र स्वीकृत गरी कार्यान्वयन र नियम १०४(९) मा डिभिजन बन कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था छ । साथै, नियम १०५ मा मुनाफा प्राप्त गर्न शुरु भएपछि १ प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । बन क्षेत्र उपयोग सम्बन्धमा नेपाल सरकारसँग भएको सम्झौतामा उल्ल्ख भएको यस प्रकारको शुल्क सम्बन्धमा कार्यालयले अभिलेख तथा डिभिजनको कार्यक्षेत्रमा पर्ने निम्नानुसारका हाईड्रोपावर कम्पनीले मुनाफा आर्जन गरेको देखिएतापनि यसप्रकारको कोषमा रकम दाखिला गरेको प्रमाण लेखापरीक्षणमा पेश नभएकोले सम्बन्धित कम्पनिबाट उक्त कोषमा रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

| क्र स | कम्पनीको नाम | आव | मुनाफा | १ प्रतिशतले हुन आउने रकम | जम्मा |
|---|---|---|---|---|---|
| १ | साहस उर्जा लिमिटेड | ०७८।७९ | ७१५३२६०९५ | ७१५३२६१ | |
| | | ०७९।८० | १३४७४०५०४ | १३४७४०५ | ८५००६६६ |
| २ | अपर सोलु हाईड्रो ईलेक्ट्रिक कम्पनी लिमिटेड | ०७८।७९ | ४४६१५७८२।५६ | ४४६१५७.८ | ४४६१५७.८ |
| कुल जम्मा | | | | | ८९४६८२४ |

| प्रमाण पेश नगरेको | ८९,४६,८२३.८ |
|---|---|

३ **बन रोयल्टी**

कार्यालयले उपलब्ध गराएको राजस्व तथा रोयल्टी स्कलनको विवरण अनुसार यस आर्थिक बर्षमा बन क्षेत्रका जग्गाको अन्य प्रयोजन वापत रु.९७५६०, निजी जग्गाबाट उत्पादित काठ २०६०४७.३२ घनफिटको रु.७४६९७०३.९९ र निजी जग्गाबाट उत्पादित काठमा रु.५६२४९३.०६ गरी जम्मा रु.८१२९७५७ संकलन गरी राजस्व आम्दानी बाधी प्रदेश रोयल्टी तथा स्थानीय तहमा पठाएको छ । प्रदेश सरकार तथा स्थानीय तहमा पठाएको विवरणलाई अद्यावधिक तवरले अभिलेख गर्नुपर्दछ ।

| क्र;. स | शीर्षक | विवरण | रकम |
|---|---|---|---|
| १ | राजस्व | बन क्षेत्रका जग्गाको अन्य प्रयोजन | ९७५६० |
| २ | मु. अ . कर | निजी जग्गाबाट उत्पादित काठ २०६०४७.३२ घनफिट | ७४६९७०३.९९ |
| ३ | अन्य सेवा शुल्क | निजी जग्गाबाट उत्पादित काठ | ५६२४९३.०६ |
| जम्मा | | | ८१२९७५७ |

सैद्धान्तिक बेरुजु

## ४ रोयल्टी संकलनको अवस्था

डिभिजन वन कार्यालय र आयोजनहरुका वीच भएको सम्जौता अनुसार प्रति हेक्टर रोयल्टी वापत रु.१०००० र बार्षिक रुपमा १० प्रतिशत थप हुदै जानै सम्झौता भएकोमा कार्यालयले पेश गरेको विवरण अनुसार तीन हाइड्रो पावरबाट आर्थिक बर्ष २०७९।८० मा जम्मा रु.७६८३० रोयल्टी संकलन गर्नुपर्ने देखिन्छ । तर कार्यालयले कुन आर्थिक बर्ष देखि रोयल्टी संकलन गर्न बाँकी रहेको हो स्पष्ट हुन सकिएन । अत गतविगतको अल गर्न बाँकि रकम राजस्व एकिन गरी यस बर्ष बाँकी रहेको रोयल्टी वापत रकम कानुन बमोजिम लाग्ने जरिवाना सहित असुल गरी दाखिला गर्नुपर्ने रु. रहेको छ

| जलविद्युत आयोजनाको नाम | वन क्षेत्रफल | रोयल्टी प्रति हेक्टर | सम्झौता मिति | बक्यौता बर्ष | बक्यौता राजस्व | कैफियत |
|---|---|---|---|---|---|---|
| बेनी हाइड्रो प्रा.लि. | ०.८५ | १०००० | २०७४।७।९ | २०७९।८० | ८५०० | १० प्रतिशत प्रतिवर्ष थप |
| दोभान हाइड्रो पावर प्रा.लि. | ०.८५३ | १०००० | २०७२।२।२५ | २०७९।८० | ८५३० | १० प्रतिशत प्रतिवर्ष थप |
| जम्मा | | | | | १७०३० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,०३० |

## ५ आन्तरिक नियन्त्रणः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ मा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।

• कार्यालयले सार्वजनिक लेखा समितिका सुझाव र निर्देशनहरुको सम्वन्धमा अभिलेख राखेको पाइएन

• म. ले. प. फाराम ९०३ मा नराखेको तथा सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।

• सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।

• सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्मको फारमहरुको व्यवस्था रहेकोमा कार्यालयले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था भएकोमा आंशिक रुपमा राख्ने गरेको पाइयो।

• सवारी साधन सन्चालनको लगवुक संलग्न राख्ने गरेको पाइएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६ बार्षिक लक्ष्य प्रगती

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ३५ (१) अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यक्रमको लक्ष्य तथा प्रगती यस प्रकार रहेका छन्

| सि. नं . | शीर्षक | कुल बजेट लाखमा | कुल खर्च लाखमा | विट्टीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय बन विकास तथा व्यवस्थापन कार्यक्रम | ० | ०.१६ | १०० | १०० |
| २ | जडिवुटी विकास कार्यक्रम | १४ | १३.६३ | ९७.३७ | १०० |
| ३ | वन तथा भू संरक्षण विभाग | ० | ३.०९ | १०० | १०० |
| संघ सशर्त चौथो त्रैमासिक प्रगती | | १४ | १६.८८ | १२०.५ | १०० |
| ४ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५६ | ४९.८ | ८८.८७ | ९६.९२ |
| ५ | प्रदेश हरित अभियान कार्यक्रम | ३४.२ | ३०.३ | ८८.७१ | १०६.२ |
| ६ | वातावरण संरक्षण कार्यक्रम | ५ | ४.७ | ९३.७९ | १०० |
| ७ | डिभिजन वन कार्यालयहरु | २६१.७४ | २२५.९६ | ८६.३३ | १०० |
| प्रदेश तर्फ चौथो त्रैमासिक प्रगति | | ३५६.९ | ३१०.७६ | ८७.०१ | १००.७ |

अत कार्यालयले बजेट तथा कार्यक्रमलाई त्रैमासिक लक्ष्यबमोजिम सम्पन्न गरी प्रगती हासिल गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ७ प्रतिवेदन र अनुगमन

संघीय कानून व्यवस्था अन्तर्गत बन ऐन २०७६(साविकको बन ऐन २०४९ ), बन नियमावली(संशोधन २०६२) २०५१, वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि २०७६, जिल्ला बन क्षेत्र समन्वयन समितिको गठन तथ सञ्चालन निर्देशिका २०६८ कार्यान्वियनमा रहेका छन् । सो बमोजिम नेपाल सरकार र अन्तगर्त निकायहरुले विभिन्न आयोजना र कम्पनीसँग सम्झौता गरेकोमा डिभिजन बन कार्यालयले बन क्षेत्र प्रयोगमा लाग्ने दस्तुर सम्बन्धित आयोजना र कम्पनीसँग संकलन गर्ने गरेको भएतापनि अद्यावधिक तवरले लगत अभिलेख नराखेको कारण के कति बक्यौता छ भन्नेमा यकिन गर्न सक्ने अवस्था छैन । निम्नानुसारका कम्पनी तथा आयोजानाले बन क्षेत्रको उपयोग गरेको अवधिमा सम्झौताबमोजिम बन क्षेत्रको दस्तुर सम्बन्धमा नियमावलीमा उल्लेख भए अनुसार हुने, आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र वार्षिक प्रतिवेदन बुझाउनुपर्ने प्राप्त नगरेको तथा तोकिएका शर्त पुरा वा पालना भए नभएको अनुगमन गर्ने गरी गठित अनुगमन सन्यन्त्रले प्रतिवेदन समेत गरेको पाईएन । सम्झौताको पालना हुनुपर्दछ ।

| क्र.सं. | वन क्षेत्र उपलब्ध गराएको संस्था÷आयोजनाको | | | जग्गा लिनुको प्रयोजन | आयोजनाले ओगटेको वन क्षेत्रको क्षेत्रफल | | सम्झौता मिति | करार अवधि (वर्षमा) |
|---|---|---|---|---|---|---|---|---|
| | आयोजना | आयोजना स्थान | | | स्थायी प्रयोजन (हे.) | अस्थायी प्रयोजन (हे.) | | |
| 1 | सोलु कोरीडोर १३२ के.भि. प्रसारण लाईन आयोजना | सोलु दुधकुण्ड न.पा.११ | नेपाल विद्युत प्राधिकरण, खरिपाटी, भक्तपुर | प्रसारण लाईन निर्माण | 0.051 | 4.72 | २०७६।०१।२० | 25 |
| 2 | लिखु १ जल विद्युत आयोजना (७७ मेगावाट) | लिखु पिके गा.पा.-३,५ | पान हिमालय ईनर्जी प्रा.लि., काठमाण्डौ उ.म.न.पा.-३०, काठमाण्डौ | विद्युत उत्पादन | 10.685 | 0 | २०७४।०२।१६ | 30 |
| 3 | सोलु जलविद्युत आयोजना (विद्युत गृहदेखि लमाने सब स्टेशन सम्म) को १३२ के.भि. प्रसारण लाईन आयोजना | सोलु दुधकुण्ड न.पा. ७ | अप्पर सोलु हाईड्रो इलेक्ट्रीक कम्पनी, काठमाण्डौ म.न.पा. १, नारायणचौर मार्ग, काठमाण्डौँ। | प्रसारण लाईन निर्माण | 0.733 | 0 | २०७४।०८।७ | 22 |
| 4 | माथिल्लो सोलुखोला जलविद्युत आयोजना (१८ मेगावाट) | सोलु दुधकुण्ड न.पा.२ | वेनी हाईड्रोपार कम्पनी प्रा.लि., काठमाण्डौँ म.न.पा. ५, हाडीगाँउ, काठमाण्डौँ। | विद्युत उत्पादन | 2.123 | 0.85 | २०७४।०७।२९ | 30 |
| 5 | सोलुखोला | थुलुङ | साहस उर्जा | विद्युत | 5.306 | 5.98 | २०७४। | 30 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (दुधकोशी) जलविद्युत आयोजना (८६ मेगावाट) | दुधकोशी गा.पा. ३ | लिमिटेड, हात्तिसार, काठमाण्डौँ | उत्पादन | | | ०८।०६ | |
| 6 | जुनबैंसी खोला जलविद्युत आयोजना (५.२ मेगावाट) | सोलु दुधकुण्ड न.पा.२ | दोभान हाईड्रो पावर प्रा.लि., मिनभवन, नयाँ बानेश्वर, काठमाण्डौ, नेपाल | विद्युत उत्पादन | 0.1807 | 0.853 | २०७२। ०२।२५ | 34 |
| 7 | लिखु खोला ए जलविद्युत आयोजना (५१ मेगावाट) | लिखु पिके गा.पा. | नुम्बुर हिमालय हाईड्रोपावर प्रा.लि., लाल कोलोनी मार्ग, १२८, काठमाण्डौँ | विद्युत उत्पादन | 1.559 | 0 | २०७४। ०३।२१ | 30 |
| 8 | १३२ के.भि. डबल सर्किट प्रसारण लाईन आयोजना | थुलुङ दुधकोशी गा.पा. ३ | साहस उर्जा लिमिटेड, हात्तिसार, काठमाण्डौँ | प्रसारण लाईन निर्माण | 10.91 | 0 | २०७९। ०२।२५ | 23 |
| 9 | दुधकुण्ड खोला जलविद्युत आयोजना (१२ मे.वा.) | सोलु दुधकुण्ड न.पा.-१, २ (टाक्सिन्दु र बेनी) | माउन्ट एभरेष्ट पावर डेभलभेन्ट प्रालि, ललितपुर उ.म.न.पा. १५, ललितपुर | विद्युत उत्पादन | 4.9 | 0 | २०७९। ०२।१८ | 30 |
| 10 | टाक्टोर लाम्जुरा (७.८६ कि.मि.) सडक खण्ड निर्माण | सोलु दुधकुण्ड न.पा. २ | सोलु दुधकुण्ड नगरपालिका | सडक निर्माण | 2.57 | 0 | २०७८। १२।०६ | - |

सैद्धान्तिक बेरुजु

### ८ क्रियाकलापको वार्षिक प्रतिवेदन

बन ऐन, २०७६ को दफा ३१ (४) मा उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महीना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो कृयाकलापको वार्षिक प्रतिवेदन डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म सबै २ सय ८१ समूहमध्ये कुनै पनि समुहले सो बमोजिम गरेका छैनन् । नियममा भएको व्यवस्था पालना नहुँदा बन क्षेत्रको व्यवस्थापनमा कमजोरी रहने र उपभोक्ता समुहको क्रियाकलापमा कार्यालय अनभिज्ञ रहन जान्छ । नियमको व्यवस्थाबमोजिमको विवरण प्राप्त गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ९ जिन्सी सहायक खाता

महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७६/७७, च नं १, मिति २०७६/४/1 को पत्र अनुसार महालेखापरीक्षकबाट स्वीकृत भएका म ले प फारमहरु प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम कार्यालयले म ले प फारम ४१२ बमोजिमको ढाँचामा मालसामान बुझिलिने र बुझाउनेको नाम र दस्तखत, मालसामानको नाम, परिमाण, स्पेशिफिकेशन, सामानकको पहिचान नं, मोडल नं, सामान बुझाएको र फिर्ता गरेको मिति र मुल्य समेत खुलाइ जिन्सि सहायक खाता राख्नुपर्ने व्यवस्था छ। कार्यालयले जिन्सी सहायक खाता राखेको पाइएन ।तोकिएको ढाँचामा जिन्सि सहायक खाता राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

### १० सम्पत्ति व्यवस्थापन सम्बन्धमा

डिभिजन वन कार्यालय सोलुखुम्बुको स्वामित्वमा रहेको कित्ता नं २२४७ को जग्गा नेपाली सेनाको रणसुर गुल्मले प्रयोग गरीरहेको अवस्था छ । सो जग्गाको लालपूर्जा समेत यस कार्यालयसँग नरहेको जानकारी प्राप्त भएको छ । यस्तो जग्गाको सम्बन्धमा सम्बन्धित निकायहरुले आवस्यक समन्वय गरी यसको स्वामित्व तथा उपभोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ११ सेवा प्रवाह र अनुगमन प्रतिवेदन

कार्यालयवाट प्रवाह हुने सेवा सम्बन्धमा सेवाहरुको वर्गिकरण सहित तोकिए बमोजिमको मुल्यांकन प्रतिवेदन अनुगमन गर्ने निकायमा समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष आफुले सम्पादन गरी उपलब्ध गराएका सेवाहरुको वार्षिक प्रतिवेदन तयार नगरेकोले सेव प्रवाह सम्बन्धमा थप उल्लेख गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

### १२ कार्यक्रम सञ्चालन

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (५) मा कुनै पनि सरकारी कार्यालयले तालिम सेमिनार गोष्ठी आदि सञ्चालन गर्दा सोको कार्यक्रम, लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र त्यसमा खर्च भएको सामानको विवरण र विल भरपाई सहितका खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक वर्ष २०७९।८० मा वन सम्बन्धी तालिम¸सेमिना¸गोष्ठीहरु सञ्चालनमा कार्यक्रमअनुसार लागत अनुमान र सम्पन्न

प्रतिवेदन कतिपय भौचरमा समावेश गर्ने गरेको पाइएन । जसले गर्दा तालिम¸सेमिना¸गोष्ठीहरुमा के कति सामानहरु खर्च भयो र के कति वितरण भयो एकिन गर्न नसक्नुका साथै कुनै एक कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल खर्च पुष्ट्याई हुन सक्ने अवस्था समेत देखिएन । कार्यालयले नियमावलीले व्यवस्था गरे अनुरुप सम्पूर्ण विवरण तयार गरेर मात्र कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३ **बन अतिक्रमण**

बन नियमावली २०७९ को नियम ११९ अनुसार डिभिजन वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको बनक्षेत्रमा भएको अतिक्रमणलाई हटाउनुपर्ने व्यवस्था छ । तर कार्यालयले वन अतिक्रमण सम्बन्धी विवरण उपलब्ध गराएको छैन । विवरण उपलब्ध नहुँदा वन अतिक्रमणको अवस्था एकिन हुन सकिएन । वत अतिक्रमण भएका नियमावलीको व्यवस्था बमोजिम अतिक्रमण हटाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **सम्झौता कार्यान्वयनको अवस्था**

पूर्वाधार निर्माण र उपयोगको लागि राष्ट्रिय वनको प्रयोग गर्दा सम्झौताको शर्त पुरा गर्नुपर्ने गरी तोकिएको छ । नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने सम्बन्धी व्यवस्था नेपाल सरकार मन्त्रीपरिषदवाट निर्णय हुने गरेको छ । मन्त्रीपरिषदको निर्णयको आधारमा वन विभाग तथा सम्बन्धीत आयोजना विच जग्गा उपयोग, र अवधी, कटान गरिने रुख विरुवा तथा सो को क्षतिपुर्ती वृक्षारोपण, र स्याहार संभार अवधी, वन क्षेत्रको रेखाङ्कन, जग्गा लिने प्रयोजन, करार अवधी सट्टाभर्ना जग्गा उपलब्ध गराउने समेतको शर्तसहित सम्झौता हुने गरेको आधारमा रुख विरुवा कटानको कार्य हुदै आएको छ । साविकमा वन मन्त्रालय मातहत रहेका जिल्ला वन कार्यालयहरु प्रदेश सरकारको गठन पश्चात प्रदेश सरकार मातहत हस्तान्तरण भएको र हाल वन क्षेत्रको उपयोग र सो सम्बन्धी सम्झौताको कार्यान्वयन गराउने दायित्व समेत डिभिजन वन कार्यालयकै हुने अवस्थामा यस जिल्ला अन्तर्गत ९ सामुदायिक वनको ५१.४२०७ हेक्टर जग्गा १० वटा हाइड्रोपावर कम्पनी र सोलुदुधकुण्ड न.पा.ले सडक खोल्ने कामको लागि उपयोग गर्ने सम्झौता भई जग्गा उपलब्ध गराएको पाइयो । वन विभाग र सम्बन्धित आयोजना तथा स्थानीय तह विच भएका सम्झौता अनुसा १०८.२८८७ हेक्टर क्षेत्रफलमा १७३२३८ वटा विरुवाहरु रोपण गर्नुपर्ने गरी व्यवस्था भएको छ । सम्झौतामा आयोजनाहरुले वृक्षारोपण गरी ५ वर्स सम्म स्याहार सम्भार गर्नुपर्ने समेतको शर्त रहेको भएता पनि निम्नानुसारका हाइड्रोपावर कम्पनीहरु सँग भएको सम्झौता कार्यान्वयन भएको देखिएन ।

| जल विद्युत आयोजनाको नाम | सम्झौता मिति | जग्गा उपयोग करार अवधी | रुख कटान संख्या | वृक्षारोपण गर्नुपर्ने संख्या | वृक्षारोपण नगरेमा लाग्ने जरिवाना |
|---|---|---|---|---|---|
| सोलु कोरिडोर १३२ के. भि . प्रसारण लाइन आयोजना | २०७६।१।२० | २५ | १७७० | ५१८१५ | हालसम्म जरिवाना नगरेको |
| लिखु १ जलविद्युत आयोजना ७७ मेगावाट | २०७४।२।१६ | ३० | ३३७ | १७७७० | हालसम्म जरिवाना नगरेको |
| सोलु जलविद्युत आयोजनाको १३२ के. भि . प्रसारण लाइन आयोजना ( विद्युत गृह देखि लमाने सव स्टेशन सम्म ) | २०७४।८।७ | २२ | ९७ | ० | हालसम्म जरिवाना नगरेको |
| मथिल्लो सोलु खोला जलविद्युत आयोजना ( १८ मेगावाट ) | २०७४।७।२९ | ३० | १८५ | ९३८५ | हालसम्म जरिवाना नगरेको |
| सोलु खोला( दुधकोशी ) जलविद्युत आयोजना ८६ मेगावाट | २०७४।८।६ | ३० | ९९ | २०५३५ | हालसम्म जरिवाना नगरेको |
| जुनवेशी | २०७२। | ३४ | १४८ | ० | हालसम्म |

 

| | | | | | |
|---|---|---|---|---|---|
| खोला जलविद्युत आयोजना ५. २ मेगावाट | २।२५ | | | | जरिवाना नगरेको |
| लिखु खोला A जलविद्यत आयोजना ५१ मेगावाट | २०७४। ३।२१ | ३० | ० | २४९५ | हालसम्म जरिवाना नगरेको |
| १३२ के. भि . डवल सर्किट प्रसारण लाइन आयोजना | २०७९। २।२५ | २३ | ९५६ | ४१३५६ | हालसम्म जरिवाना नगरेको |
| दुधकुण्ड खोला जलविद्युत आयोजना १२ मेगावाट | २०७९। २।१८ | ३० | १४३८ | २२२२० | हालसम्म जरिवाना नगरेको |
| टाक्टोर लाम्जुरा ( ७ . ८६ कि . मि .) सडक निर्माण | २०७८। १२।६ | – | ३५५ | ७६६२ | हालसम्म जरिवाना नगरेको |

सैद्धान्तिक बेरुजु

१५ **सम्परीक्षण तथा अनुगमन**

प्रदेश आथिक कार्यविधि ऐन, २०७४ को दफा ३५ मा लेखापरीक्षणबाट औल्याएका वेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फस्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुने व्यवस्था गरेकोमा यस बर्ष कार्यालयले लेखापरीक्षण टोली समक्ष सम्परीक्षणको लागि कुनै अनुरोध गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१६ **उद्योग सुचिकरण**

बन नियमावली २०७९ को नियम १२८ मा काठ दाउरामा आधारित उद्योग सूचिकृत हुनुपर्ने व्यवस्था छ । साथै सूचिकृत स:मिलले चिरान भएको काठ विक्रि वितरण ओसारपसार गर्दा तोकिएबमोजिम नविकरण र दस्तुर बुझाउनुपर्ने व्यवस्था छ ।

कार्यालयमा यसप्रकारका उद्योग सुचिकृत नभएको कारण राजस्व छुटिरहेको तथा कार्यालय जिल्लाभर के कति संख्यामा उद्योग रहेका छन् भन्नेमा अनभिज्ञ रहेको देखिएकोले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **फाजिलमा कर्मचारी**

कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजनका समयमा फाजिलमा रहेका नेपाल वन सेवा अन्तर्गतका रेन्जर पदका २ जना कर्मचारीहरु लामो समयसम्म पनि फाजिलमै रही यस कार्यालयमा कार्यरत रहेको देखिन्छ ।लामो समयसम्म फाजिलमा रहेकोमा निजामति सेवा ऐन २०४९ अनुसार ३ महिना भन्दा बढी समय फाजिलमा राख्न नमिल्ने ब्यवस्थाबमोजिम त्यस्ता कर्मचारीको शीघ्र समायोजन तथा पदस्थापन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **भ्रमण अभिलेख**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्दछ । भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुनेगरी कर्मचारीहरुको भ्रमण अभिलेख राखेको छैन । यसबाट कर्मचारीले दोहोरो पर्ने गरी भ्रमण खर्च भुक्तानी भएको छैन भनि एकिन गर्न सकिएन । अतः भ्रमण अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सामुदायिक बनको प्रतिवेदन**

बन नियमावली , २०७९ को नियम ४४ मा सामुदायकि बन उपभोक्ता समुहले अनुसुची २२ बमोजिमको ढाँचामा आर्थिक विवरण र बनको स्थिति समेत खुलाई समितिले बर्ष भरी गरेका क्रियाकलापको बार्षिक प्रतिवेदन प्रत्येक बर्ष समाप्त भएको तीन महिना भित्र डिभिजन वन कार्यालय र स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा केही सामुदायकि बन उपभोक्ता समितिहरुले मात्र बार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको छ । नियमावलीमा भएको व्यवस्था बमोजिम डिभिजन वन कार्यालयमा दर्ता भएका सामुदायिक बन उपभोक्ता समितिहरुलाई कानुनको दायरामा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## अनुगमन लेखापरीक्षण

२० अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु मध्ये निम्नानुसार फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **डिभिजन वन कार्यालय, सोलुखुम्बु** को २०७९।८० सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ० | १८५०००० | ८९६३८५३.८ | ० | ७११३८५३.८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : डिभिजन वन कार्यालय, सोलुखुम्बु , सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामजी शाह | २०८०-१-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भीष्म राज जोशी | २०७९-१-७ | २०८०-३-३१ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १७,०३० | ० | ८,९४६,८२३.८ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ८,९६३,८५३.८ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ७४,६७० |

बिनियोजन तर्फ :

| क्रम | बजेट उपशीर्षक | बार्षिक बजेट | खर्च/निकासा | पेस्की |
|---|---|---|---|---|
| १ | ३२९००१०१३ | ५,००,००० | ४,६८,९३० | ० |
| २ | ३२९०१०१२३ | २,८९,१८,००० | २,२०,९५,९६९ | ० |
| ३ | ३२९०१०१२४ | ५,००,००० | ५,००,००० | ० |
| ४ | ३२९०११०१३ | ४५,०२,००० | ३९,५१,८२१ | ० |
| ५ | ३२९०११०१४ | २२,००,००० | १०,२६,४८० | ० |
| ६ | ३२९०११०२३ | १९,६०,००० | १६,५२,७९० | ० |
| ७ | ३२९०११०२४ | १४,६०,००० | १३,८१,१७५ | ० |
| ८ | ३२९९११२२४ | १४,००,००० | १३,६३,१४५ | ० |
| ९ | ३२९९११२४३ | ३,००,००० | २,८५,५९७ | ० |
| १० | ३२९९११२४४ | ८,५०,००० | ७,५१,०३३ | ० |
| ११ | ३२९९११२६३ | १४,१३,००० | १३,७८,७५५ | ० |
| जम्मा | | ४४००३०००.० | ३४८५५६९५.० | ०.० |

राजस्व तर्फ :

| शीर्षक | गत बर्षको लगत बाँकी | असुली/दाखिला | बाँकी लगत | नगद बाँकी |
|---|---|---|---|---|
| १४२१३ | ० | ३१,२९,७१७.४६ | ० | ० |
| जम्मा | ०.० | ३१२९७१७.४६ | ०.० | ०.० |

धरौटी तर्फ :

| गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | फिर्ता रु | सदरस्याहा रु | बाँकी रु |
|---|---|---|---|---|---|
| ७,५५,५५०.५४ | ० | ७,५५,५५०.५४ | १,५३,४५० | ० | ६,०२,१००.५४ |

कार्य सन्चालन कोष तर्फ :

| नाम | गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | खर्च रु | बाँकी रु |
|---|---|---|---|---|---|
| कार्य सञ्चालन कोष | ९६,२०८.०१ | ० | ९६,२०८.०१ | ९५,२३० | ९७८.०१ |
| जम्मा | ९६२०८.०१ | ०.० | ९६२०८.०१ | ९५२३०.० | ९७८.०१ |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | कार्यक्रम खर्च | कार्यक्रम खर्चमा भुक्तानीमा कानूनी प्रकृया पूरा नहुन सक्ने |
| २ | विविध | विविध तर्फ |
| ३ | सार्वजनिक खरिद | सोझै खरिदबाट हुने खरिदमा खरिद र भुक्तानीमा प्रकृया पालना नहुन सक्ने सिलवन्दि दरभाउपत्रबाट हुने खरिद र भुक्तानीमा प्रकृया पालना नहुन सक्ने |
| ४ | चालु खर्च | चालु तथा कार्यक्रम खर्च तलब भत्ता भुक्तानी |
| ५ | अनुदान | अनुदान भुक्तानीमा कानूनी प्रकृया पूरा नहुन सक्ने |